नेको इन्सुरेन्स लि.
NECO INSURANCE LTD.

च.नं. १०७८/०८१–८२

मिति: २०८२।०२।२७

श्री नेपाल स्टक एक्स्चेञ्ज लि.
सिंहदरबारप्लाजा, काठमाडौं ।

विषय: २९औं बार्षिक साधारणसभाको विवरण (माइन्यूट) सम्बन्धमा ।

महोदय,

यस कम्पनीको मिति २०८२।०२।०९ मा सम्पन्न २९औं बार्षिक साधारणसभाको विवरण (माइन्यूट) तहाँको जानकारीको लागि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछौं ।

स-धन्यवाद ।

भवदीय,

नेको इन्सुरेन्स लि.

( विष्णुप्रसाद धिताल )
कम्पनी सचिव

संलग्न:
२९औं बार्षिक साधारण सभाको विवरण (माइन्यूट)



Head Office: Beema Bhawan, Gyaneshwor, P.O.Box: 12271, Kathmandu, Nepal, Tel.: 01-4542263, (Hunting Number)
Email: info@neco.com.np, Web : www.neco.com.np

We are the only network partner of AIG
American International Group, Inc.

**नेको इन्सुरेन्स लिमिटेड**
**को**
**२९औं वार्षिक साधारण सभाको विवरण**

नेको इन्सुरेन्स लिमिटेडको २९औं बार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री रमेश कुमार निरौलाज्यूको अध्यक्षतामा निम्नलिखित मिति, स्थान र समयमा सुसम्पन्न भयो ।

१. **सभा बसेको मिति, स्थान र समय:**
मिति: २०८२ साल जेष्ठ ९ गते शुक्रबार (तदनुसार २३ मे २०२५)
स्थान: लिसारा रिसेप्सन, नक्साल, काठमाडौं ।
समय: विहान ११:०० बजे ।

२. **सभाको सूचना:**
संचालक समितिको मिति २०८२।०१।१८ गतेका दिन बसेको ४८१औं बैठकको निर्णय अनुसार मिति २०८२।०२।०९ को लागि कम्पनी ऐन २०६३ को दफा ७६ बमोजिम बोलाइएको २९औं बार्षिक साधारण सभाको सूचना दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि संक्षिप्त वित्तीय विवरण सहित मिति २०८२ बैशाख १९ को आर्थिक अभियान दैनिक र मिति २०८२ बैशाख २१ को आर्थिक दैनिकमा प्रकाशित गरिएको तथा बार्षिक प्रतिवेदन सहितको वित्तीय विवरण कम्पनीको वेभसाइटमा समेत राखिएको थियो ।

३. **छलफलका बिषयहरु**

(क) **सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८०।०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२. आ.व. २०८०।०८१ को लेखापरीक्षण प्रतिवेदन सहितको सम्पूर्ण वित्तीय विवरणहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐनको दफा १११ बमोजिम आर्थिक वर्ष २०८१।०८२ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा । (वर्तमान लेखापरीक्षक एम.आर.यू. एशोसिएट्स्, चार्टर्ड एकाउण्टेण्ट्स् पुन: नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)

४. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम आ.ब. २०८०।०८१ को नाफा नोक्सान हिसावबाट चुक्ता पूँजीको ०.३६८४% नगद लाभांश (कर प्रयोजनको लागि) रु.९२,६६,९२१। पारित गर्ने सम्बन्धमा ।

(ख) **विशेष प्रस्ताव**

१. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम आ.ब. २०८०।०८१ को नाफानोक्सान हिसावबाट रु.१७,६०,८१,५५४। (७% अर्थात् प्रत्येक १०० कित्ता बराबर ७ कित्ता) बोनशशेयर जारीगर्ने सम्बन्धमा । (बोनश शेयर जारी गर्दा आउने खण्डित शेयरलाई पछि मिलान गर्नेगरी कम्पनीको हिसावमा राख्ने ।)

NECO
नेको इन्सुरेन्स लि.

२. निम्न विषयका सम्बन्धमा प्रवन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनहरुमा नियामक निकायहरुबाट कुनै परिमार्जन गर्न सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक परिमार्जन गर्ने सम्बन्धि सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

(अ) विशेष प्रस्ताव नं. १ बमोजिम जारी गरिने बोनस शेयरको हदसम्म जारी पूँजी तथा चूक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा ।

(ग) **विविध ।**

४. **उपस्थित संचालकज्यूहरु (कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम)**

| | |
|---|---|
| (क) श्री रमेश कुमार निरौला | अध्यक्ष |
| (ख) श्री विनयरमण पौडेल | संचालक |
| (ग) श्री प्रताप सुवेदी | संचालक |
| (घ) श्री भरत कुमार अधिकारी | संचालक |
| (ङ) श्री भानुभक्त पोखरेल | संचालक |
| (च) श्री डा. नीलिमा श्रेष्ठ | संचालक |
| (छ) श्री मणिदेव भट्टराई | स्वतन्त्र संचालक |

पदाधिकारीहरुः

| | |
|---|---|
| (क) श्री अशोक कुमार खड्का | प्रमुख कार्यकारी अधिकृत |
| (ख) श्री पवन थापा | नायव प्रमुख कार्यकारी अधिकृत |
| (ग) श्री गणेश लम्साल | नायव प्रमुख कार्यकारी अधिकृत |
| (घ) श्री रमेश बहादुर थापा | सहायक प्रमुख कार्यकारी अधिकृत |
| (ङ) श्री विशाल कुमार थापा | प्रमुख व्यवसाय अधिकृत |
| (च) श्री विष्णु प्रसाद धिताल | कम्पनी सचिव |
| (छ) श्री कृष्ण कुमार बर्तौला | मार्केटिङ विभाग प्रमुख |
| (ज) श्री भुवन महत | बरिष्ठ प्रवन्धक |
| (झ) श्री हंशमान डंगोल | अण्डरराइटिङ विभाग प्रमुख |
| (ञ) श्री हिम बहादुर के.सी. | पुनर्बीमा विभाग प्रमुख |
| (ट) श्री कन्चन श्रेष्ठ | आन्तरिक नियन्त्रण, परिपालन तथा जोखिम व्यवस्थापन विभाग प्रमुख |
| (ठ) श्री शाहिन दिवाकर | वित्त विभाग प्रमुख |
| (ड) श्री मीनराज श्रेष्ठ | दावी विभाग प्रमुख |
| (ढ) श्री विशाल लेप्चा | सूचना प्रविधि विभाग प्रमुख |
| (ण) श्री एलिन डली | सामान्य सेवा विभाग प्रमुख |

पर्यवेक्षक/प्रतिनिधिहरुः

१. श्री रमण उप्रेती, एम.आर.यु.एशोसिएट्स् चार्टर्ड एकाउण्टेण्ट्स् ।

२. श्री बद्रीप्रसाद प्याकुरेल, प्रमुख कार्यकारी अधिकृत, आरबीबी मर्चेण्ट बैंकिङ लि. (शेयर रजिष्ट्रार)

NECO
नेको इन्स्योरेन्स लि.

५. **उपस्थित शेयरधनी, गणपुरक संख्या तथा प्रतिशत:**

| विवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | जम्मा उपस्थित शेयरधनी संख्या | शेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनीहरु | ३८,३७१ | १७९ | ११ | १९० | ५२.५६% |
| शेयर संख्या | २,०१,२३,६०७ | २३,०३,७४९ | ८२,७२,९४१ | १,०५,७६,६९० | |

६. **सभाको बैधानिकता र सभाको सभापतित्व:**

कम्पनी सचिवले २९औं बार्षिक साधारण सभाको सूचना प्रकाशन सम्बन्धी जानकारी दिँदै कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम उपरोक्त अनुसार सभा संचालनको लागि आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित कानूनको पालना भई सोही ऐनको दफा ६९ बमोजिम सभाको बैधानिकता भएकोले सभाको अध्यक्षता गर्दै सभा संचालनका लागि संचालक समितिका अध्यक्ष श्री रमेश कुमार निरौलाज्यूलाई अनुरोध गर्नुभयो ।

७. **सभा संचालन तथा प्रतिवेदन प्रस्तुती:**

(क) सभा संचालनको लागि सभाध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले कम्पनीका संचालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृत, अतिथिहरु तथा व्यवस्थापनका उच्च अधिकृत एवं विभागीय प्रमुखहरुलाई लाई आशनग्रहण गराउनु भयो । आशन ग्रहण पश्चात प्रमुख कार्यकारी अधिकृत श्री अशोक कुमार खड्काले स्वागत मन्तब्य व्यक्त गर्नुभयो । स्वागत मन्तब्य पश्चात सभाका सभापति एवं कम्पनीका अध्यक्ष श्री रमेश कुमार निरौलाले पानसमा दीप प्रज्वलन गरी २९औं बार्षिक साधारण सभाको उद्घाटन गर्नुभयो ।

(ख) सभाको विषय सूचि बमोजिम अध्यक्षज्यूले आफ्नो मन्तब्य सहित संचालक समितिको तर्फबाट आर्थिक बर्ष २०८०।०८१ को वार्षिक प्रतिवेदन पेश गर्नुभयो ।

त्यसपछि अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०८०।०८१ को वार्षिक प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाव र अन्य वित्तीय विवरणहरु उपर छलफल गर्न र आफ्नो प्रश्न, जिज्ञासा, सुझाव तथा मन्तब्यका लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गरियो र निम्न शेयरधनी महानुभावहरुले आफ्नो जिज्ञासा, सुझाव तथा मन्तब्य राख्नुभयो ।

१. श्री गुणराज भट्ट (लिखित)
२. श्री उत्तमदत्त पाण्डे
३. श्री उद्धव प्रसाद घिमिरे
४. श्री भेषराज भण्डारी
५. श्री शत्रुघन श्रेष्ठ
६. श्री नीरुपमा गुप्ता
७. श्री गोविन्द बहादुर के.सी.
८. श्री इन्द्रप्रसाद लामिछाने
९. श्री जगन्नाथ आचार्य (लिखित)
१०. श्री डमरुबल्लभ घिमिरे
११. श्री बैजुनाथ रौनियार
१२. श्री सुदीप श्रेष्ठ (लिखित)
१३. श्री नरसिंहलाल चखुँ (लिखित)
१४. श्री रोज कुमार श्रेष्ठ (लिखित)
१५. श्री चन्द्रनारायण श्रेष्ठ (लिखित)
१६. श्री ध्रुबराज न्यौपाने
१७. श्री सुरेन्द्र चिमौरिया (लिखित)
१८. श्री उत्सव श्रेष्ठ
१९. श्री ब्रह्मदेव शाक्य (लिखित)
२०. श्री जगन्नाथ आचार्य (लिखित)
२१. लक्ष्मण बहादुर श्रेष्ठ (लिखित)

NECO
नेको इन्स्योरेन्स लि.

८. **छलफलका क्रममा व्यक्त भएका सुझाव तथा मन्तव्यको सारांश:**

- नियामकले तोकेको न्यूनतम पूँजी कायम पश्चात पनि बोनश शेयर दिएकोमा धन्यवाद ।
- बार्षिक साधारण सभाका सम्पूर्ण प्रस्तावहरुमा समर्थन रहेको छ ।
- २९औं बार्षिक साधारण सभाको सफलताको शुभकामना ।
- आगामी बर्ष दोहोरो अंकमा प्रतिफल पाउने अपेक्षा छ ।
- कम्पनीले लगानीबाट राम्रो प्रतिफल प्राप्त गर्न सचेत हुनुपर्‍यो ।
- दुई ठाउँमा कम्पनीको आफ्नै भवन निर्माण भैसकेको र अर्को स्थानमा पनि निर्माणहुँदै गरेकोमा खुसी व्यक्त ।
- सामुद्रीक बीमाशुल्कको बृद्धि प्रतिशत राम्रो छ ।
- वित्तीय विवरण राम्रो छ, मन्दिको समयमा एकल अंक मै भएपनि प्रतिफल प्रदान गर्नु भएकोमा धन्यवाद ।
- बार्षिक प्रतिवेदनमा तथ्यांकहरुको ग्राफ चार्टहरु पनि राख्न सुझाव ।
- आगामी बर्षहरुमा बोनश शेयर र नगद लाभांश दुबै मिलाएर प्रदान गर्न अनुरोध ।
- कम्पनी एभिएशन बीमा तर्फ किन जान सकेन?
- कम्पनीले IRN A+ Rating प्राप्त गर्न सफल भएकोमा गौरवान्वित महसुस गरेका छौं ।
- आगामी बर्ष निर्धारित समय भित्रै बार्षिक साधारण सभा सम्पन्न होस् ।
- व्यवसाय घटेका पोर्टफोलियोहरुमा ध्यान दिनु पर्‍यो ।
- EPS घटेको छ, बढाउने तर्फ ध्यान दिनु पर्‍यो ।
- सम्पत्ति खरीद/विक्रीको विवरण दिनु भए राम्रो हुने थियो ।
- CSR तर्फ कम्पनीले खर्च गरेको राम्रो छ ।
- कम्पनीको सोल्भेन्सी रेसियो राम्रो छ ।
- एभिएसन जोखिम हुन्छ, यसमा व्यवसाय नगरेको देखेर खुसी लाग्यो ।
- कम्पनीको Short Term Investment धेरै र Long Term Investment कम भयो ।
- कम्पनीको शेयर हिसाव नमिलेको देखिन्छ, Fraction मा रहेको शेयरलाई पूर्ण अंकमा लगेमा राम्रो हुन्थ्यो ।
- गत बर्षको तुलनामा कम्पनीको आम्दानी र नाफा घटेको देखियो, ध्यान दिनु होला ।
- कोभिडको दावी भुक्तानी अवस्था के छ, जानकारी दिनु भए हुन्थ्यो ।

शेयरधनीहरुबाट जिज्ञासा, सुझाव र मन्तव्य व्यक्त भै सकेपछि सभाको अध्यक्षता गर्नु भएका संचालक समितिका अध्यक्ष श्री रमेश कुमार निरौलाज्यूले सो जिज्ञासा र सकारात्मक सुभावहरुको लागि शेयरधनी महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै समष्टिगत रुपमा जवाफ दिनुका साथै कम्पनीको शेयर अडिट गराउन व्यवस्थापन निर्देशन समेत दिनुभयो ।

अध्यक्षज्यू र प्रमुख कार्यकारी अधिकृतज्यूले सभामा उठेका प्रश्न, जिज्ञासा तथा सुझावहरुको जवाफ दिनु भए पश्चात सभाका विषयहरु निर्णयार्थ प्रस्तुत गरियो ।

९. **सभाका निर्णयहरु:**

(क) <u>सामान्य प्रस्ताव:</u>

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८०।०८१ को बार्षिक प्रतिवेदन पारित गरियोस् भनी राखिएको प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

NECO
नेको इन्स्योरेन्स लि.

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०।०८१ को सम्पूर्ण वित्तिय विवरणहरु उपर छलफल गरि पारित गरियोस् भनी राखिएको प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

३. कम्पनी ऐनको दफा १११ बमोजिम आर्थिक वर्ष २०८१।०८२ का लागि लेखापरीक्षण समितिको सिफारिसको आधारमा संचालक समितिबाट नियुक्ति अनुमोदनको लागि राखिएको प्रस्ताव बमोजिम लेखापरीक्षक श्री एम.आर.यु. एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्ट्सलाई लेखापरीक्षक नियुक्त गर्ने र निजलाई लेखापरीक्षण पारिश्रमिक, कर लेखापरीक्षण शुल्क र विश्तृत लेखापरीक्षण प्रतिवेदन शुल्क समेत गरी जम्मा रु.४,४१,०००। (मु.अ.कर बाहेक) प्रदान गर्न सर्वसम्मतिबाट अनुमोदन भयो ।

४. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम आ.ब. २०८०।०८१ को नाफानोक्सान हिसावबाट चुक्ता पूँजीको ०.३६८४% नगद लाभांश (कर प्रयोजनको लागि) रु.९२,६६,९२१। वितरण गर्ने प्रस्ताव पारित गरियोस् भनी राखिएकोमा सर्वसम्मतिबाट पारित भयो ।

(ख) विशेष प्रस्ताव:

१. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम आ.ब. २०८०।०८१ को नाफा नोक्सान हिसावबाट हालै जारी भै बाँडफाँड भएको २५% हकप्रद शेयर समेतले पाउने गरी रु. १७,६०,८१,५५४। (७% अर्थात् प्रत्येक १०० कित्ता बराबर ७ कित्ता) को बोनश शेयर जारी गर्ने र बोनश शेयर जारी गर्दा आउने खण्डित शेयरलाई पछि मिलान गर्ने गरी कम्पनीको हिसावमा राख्ने प्रस्ताव पारित गरियोस् भनी सभा समक्ष राखिएकोमा सर्वसम्मतिबाट पारित भयो ।

२. निम्न विषयका सम्बन्धमा प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने र उक्त संशोधनहरुमा नियामक निकायहरुबाट कुनै परिमार्जन गर्न सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक परिमार्जन गर्ने सम्बन्धि सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धि प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(अ) विशेष प्रस्ताव नं. १ बमोजिम जारी गरिने बोनस शेयरको हदसम्म जारी पूँजी तथा चूक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा ।

**प्रबन्ध-पत्रको दफा ५ (क) तथा नियमावलीको नियम ६ (क) मा संशोधन गर्ने सम्बन्धी तीन महले विवरण**

| साविकको व्यवस्था | शंसोधन व्यवस्था | शंसोधन गर्नुका कारणहरु |
|---|---|---|

नेको इन्स्योरेन्स लि.

| | | |
|---|---|---|
| **प्रवन्ध पत्र**<br>**दफा ५. शेयर पूँजी :**<br>(क) यस कम्पनीको अधिकृत पूँजी रु. ३,००,००,००,०००।- (अक्षरेपी तीन अर्ब) हुनेछ । जुन रु.१००।- को प्रति शेयरको हिसाब बाट ३००,००,०००।- (तीन करोड) साधारण शेयरहरुमा विभाजित गरिएको छ । कम्पनीको जारी पूँजी रु.२,५१,५४,५०,७७४।- (अक्षरुपी दुई अर्ब एकाउन्न करोड चौवन्न लाख पचास हजार सात सय चौहत्तर) रहेको छ । यसलाई प्रति शेयर रु.१००।- को हिसाबबाट २,५१,५४,५०८ (दुई करोड एकाउन्न लाख चौवन्न हजार पाँच सय आठ) साधारण शेयरमा विभाजन गरिएको छ । | **प्रवन्ध पत्र**<br>**दफा ५. शेयर पूँजी :**<br>(क) यस कम्पनीको अधिकृत पूँजी रु. ३,००,००,००,०००।- (अक्षरेपी तीन अर्ब) हुनेछ । जुन रु.१००।- को प्रति शेयरको हिसाब बाट ३००,००,०००।- (तीन करोड) साधारण शेयरहरुमा विभाजित गरिएको छ । कम्पनीको जारी पूँजी रु.२,६९,१५,३२,३२८।- (अक्षरुपी दुई अर्ब उनान्सत्तरी करोड पन्ध्र लाख बत्तीस हजार तीन सय अठ्ठाइस) रहेको छ । यसलाई प्रति शेयर रु.१००।- को हिसाबबाट २,६९,१५,३२३ (दुई करोड उनान्सत्तरी लाख पन्ध्र हजार तीन सय तेइस) साधारण शेयरमा विभाजन गरिएको छ । | कम्पनीले जारी गर्ने ७% बोनश शेयर पश्चात पूँजी वृद्धि हुने भएकोले । |
| **नियमावली**<br>**नियम ६. शेयर पूँजी :**<br>(क) यस कम्पनीको अधिकृत पूँजी रु. ३,००,००,००,०००।- (अक्षरेपी तीन अर्ब) हुनेछ । जुन रु.१००।- को प्रति शेयरको हिसाब बाट ३००,००,०००।- (तीन करोड) साधारण शेयरहरुमा विभाजित गरिएको छ । कम्पनीको जारी पूँजी रु.२,५१,५४,५०,७७४।- (अक्षरुपी दुई अर्ब एकाउन्न करोड चौवन्न लाख पचास हजार सात सय चौहत्तर) रहेको छ । यसलाई प्रति शेयर रु.१००।- को हिसाबबाट २,५१,५४,५०८ (दुई करोड एकाउन्न लाख चौवन्न हजार पाँच सय आठ) साधारण शेयरमा विभाजन गरिएको छ । | **नियमावली**<br>**नियम ६. शेयर पूँजी :**<br>(क) यस कम्पनीको अधिकृत पूँजी रु. ३,००,००,००,०००।- (अक्षरेपी तीन अर्ब) हुनेछ । जुन रु.१००।- को प्रति शेयरको हिसाब बाट ३००,००,०००।- (तीन करोड) साधारण शेयरहरुमा विभाजित गरिएको छ । कम्पनीको जारी पूँजी रु.२,६९,१५,३२,३२८।- (अक्षरुपी दुई अर्ब उनान्सत्तरी करोड पन्ध्र लाख बत्तीस हजार तीन सय अठ्ठाइस) रहेको छ । यसलाई प्रति शेयर रु.१००।- को हिसाबबाट २,६९,१५,३२३ (दुई करोड उनान्सत्तरी लाख पन्ध्र हजार तीन सय तेइस) साधारण शेयरमा विभाजन गरिएको छ । | कम्पनीले जारी गर्ने ७% बोनश शेयर पश्चात पूँजी वृद्धि हुने भएकोले । |

## (ग) विविध:

(अ) संचालक नियुक्ति अनुमोदन तथा संचालक लगत सम्बन्धमा ।

गत साधारण सभा पश्चात कम्पनी ऐन र बीमा ऐन बमोजिम नियुक्त गर्नु पर्ने स्वतन्त्र संचालकको नियुक्ति संचालक समितिको मिति २०८१।०५।३० को ४६९औं बैठकबाट नियुक्त भै मिति २०८१।०६।१७ को ४७०औं बैठकमा पद बहाली गर्नु भएका (डिल्लीबजार, काठमाडौं निवासी, नेपाल सरकारको उपसचिव पदबाट सेवा निबृत्त, स्नातकोत्तर तहको शैक्षिक योग्यता भएका) स्वतन्त्र संचालक श्री मणिदेव भट्टराईको नियुक्ति अनुमोदन गर्ने र सोही बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट संचालक लगत अध्यावधिक गरी प्रमाणित गरी लिने निर्णय गरियो ।

अन्त्यमा, सभाका सभापतिले साधारण सभामा सहभागीता जनाउनु हुने, मन्तव्य तथा सुझाव ब्यक्त गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरु तथा साधारण सभा सम्पन्न सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै २९औं बार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

विष्णुप्रसाद धिताल
कम्पनी सचिव

नेको इन्स्युरेन्स लि.

रमेश कुमार निरौला
अध्यक्ष

मिति: २०८२।०२।०९